नेपाल सरकार
नेपाल कृषि अनुसन्धान परिषद्
कृषि अनुसन्धान निर्देशनालय
लुम्बिनी प्रदेश, खजुरा, बाँके

# व्यावसायिक योजना बारे जानकारी

रविन गिरी (प्रा.अधिकृत)
कृषि अनुसन्धान निर्देशनालय, लुम्बिनी प्रदेश, खजुरा, बाँके

## के हो व्यावसायिक योजना ?

तपाई कृषि व्यवसाय गर्ने सोचमा हुनुन्छ भने आफ्नो व्यवसायको स्पष्ट उद्देश्य र सो उद्देश्य पूर्तिका लागि आवश्यक रणनीति अपरिहार्य छ । त्यहि उद्देश्य र रणनीतिको विस्तृत विवरण नै व्यावसायिक योजना हो जुन व्यवसाय सुरु गर्नु अघि आवश्यक लगानीको जोहो गर्न, व्यवसाय दिगोरूपमा सञ्चालन गर्न, आइपर्ने समस्या एवं जोखिमको व्यवस्थापन गर्न र लक्ष्य अनुरुप मुनाफा कमाउनका लागि मार्गदर्शनको रुपमा रहन्छ । व्यावसायिक योजना एक लिखित दस्तावेज हो जसले व्यवसाय सञ्चालनमा कोशेढुंगाको काम गर्छ । कृषि व्यवसायको थालनी देखि लक्षित उद्देश्य प्राप्तिका लागि आवश्यक रणनीतिको तार्किक विश्लेषण गरिने उक्त दस्तावेजमा कृषि व्यवसाय संचालनका लागि आवश्यक भौतिक पूर्वाधार, पुँजी, कामदारको माग तथा आपूर्ति, उत्पादन र तिनको बजारीकरण तथा प्रवर्द्धन र जोखिम न्यूनीकरणका उपायहरु समेटिन्छन् ।

## किन व्यावसायिक योजना?

कुनै पनि किसान तथा उद्यमी कृषिलाई व्यावसायिक रुपमै संचालन गर्नका लागि आफ्नो उद्देश्यमा स्पष्ट र व्यवसायप्रति प्रतिबद्ध हुन आवश्यक छ । यस अर्थमा व्यावसायिक योजनाले उक्त किसान तथा उद्यमीको चाहना, बस्तु/सेवाको उत्पादन र बजारीकरण, काम र कामदारको विवरण, लगानीकर्ताको सुनिश्चितता आदि कुराको चित्र देखाउछ । उत्पादनको पहिलो शर्त बजारीकरण भएकोले आफूले उत्पादन गर्ने वस्तुको बजार माग बारे समयानुकूल अनुसन्धान गरी सोही अनुरूप व्यवसाय सञ्चालन गर्न उक्त योजनाले सहयोग पुर्याउछ । कृषि व्यवसायी माग केन्द्रित र उत्पादन केन्द्रित व्यवसायमा लागि पर्दा उपभोक्ताको चाहना अनुसार गुणस्तर, मूल्य र उपलब्धताको सुनिश्चितता गर्न आवश्यक छ । त्यस संगै, व्यवसायको निरन्तरताको लागि खर्चको स्रोत यकिन गर्नुपर्छ जसले व्यवसाय अघि बढाउन र क्षमता अभिवृद्धि गर्न मद्दत पुग्छ । जस्तो आफुले संचालन गरेको व्यवसायमा रकमको आवश्यकता कति, कहिले, किन पर्दछ र कुन कुन स्रोतबाट जुटाउन सकिन्छ भन्ने कुराको सुनिश्चित गर्न र सोहि आधारमा विभिन्न बैंक तथा वित्तीय संस्थाबाट ऋण सापटी लिन व्यावसायिक योजना निकै सहयोगी

बन्न पुछ । कृषि व्यवसाय सञ्चालन गर्दा गरिएको लगानी वा खर्च र उत्पादित बस्तुको बिक्रीबाट प्राप्त आम्दानीलाई उपयुक्त लेखा-प्रणाली अपनाई आय-व्ययको हिसाब-किताब दुरुस्त राख्न पनि व्यावसायिक योजना आवश्यक छ । एउटा राम्रो व्यावसायिक योजना बनाएर कृषि व्यवसाय सञ्चालन गरेको उद्यमी वा किसानले मनग्य फाइदा लिन सक्छ जसले गर्दा भविष्यमा व्यवसायको पुँजी बढाएर व्यवसायको आकार बढाउन सकिन्छ । व्यावसायिक योजनाले व्यवसाय सञ्चालन गर्दा आइपर्न सक्ने समस्याहरुलाई हटाउन पनि मद्दत गर्छ। किनकि योजना बनाउनाले अप्रत्याशित रूपमा आइपर्ने र अदृश्य समस्या र जोखिमहरुलाई सहज ढङ्गले हल गरी र अन्य विकल्पमा समेत चनाखो रही व्यवसायलाई निरन्तरता दिन सकिन्छ । कुनै पनि कृषि व्यवसायले लक्षित उपलब्धि हासिल गरिरहेको छ कि छैन भनेर समयानुकूल मूल्याङ्कन गर्न र आवश्यक परेको खण्डमा रणनीतिमा समेत परिमार्जन गर्न व्यावसायिक योजना आवश्यक छ ।

## कृषि व्यावसायिक योजनामा के के समेटिन्छन् ?

१. व्यवसायको छोटो सारांश (व्यवसायको नाम, प्रकार र उद्देश्यको सटिक तर आकर्षक व्याख्या जसले योजना पढ्ने जो-कोहीलाई व्यवसायको बारेमा सुरुवाती जानकारी दिन्छ )
२. व्यवसायको पृष्ठभूमि (उद्देश्य, रणनीति, औचित्य पुष्टि र निर्दिष्ट लक्ष प्राप्तिको आधार)
३. कृषि उपजको उत्पादन र बजार योजना (बजारमा उपजको माग अध्ययन, प्राविधिक सम्भाव्यता र उत्पादन गर्न आवश्यक पर्ने सामग्रीहरू तथा प्रविधि र सेवाहरूको सहज उपलब्धता एवम् श्रमिक तथा आवश्यक जनशक्तिको उपलब्धताका आधारमा उत्पादन योजना बनाउने । त्यस्तै विक्री गर्ने बजारको यकिन, मुल्य निर्धारण, आपूर्ति र मुल्य शृंखला, बजारीकरण लागतको विवरण)
४. वित्तीय योजना (आवश्यक चल र अचल खर्चको विवरण, विक्री र आमदानी विवरण, व्यवसायको सम्पत्ति सूची, ह्रासकट्टी विवरण)
५. विश्लेषण (लाभ-लागत, पार बिन्दु, ऋण भुक्तानीको अवस्था)
६. आधारभूत नगद प्रवाह (व्यवसायमा जम्मा हुने र बाहिरिने नगदको लेखाजोखा)
७. समस्या तथा जोखिम व्यवस्थापन (जोखिम र अनिश्चितताको पूर्वानुमान गरी रणनीति तयार)
८. परिशिष्ट/अनुसूची (योजनालाई सहयोग पुग्ने तथ्यांक, तस्बिर, माथिल्ला खण्डमा नसमेटिएका तर भन्नै पर्ने कैफियत)

# कृषि व्यावसायिक योजनाको नमुना

## १. व्यवसायको छोटो सारांश तथा पृष्ठभूमि

नामः अवस्थितिः योजना अवधिः

परिकल्पनाः

लक्षः

उद्देश्यः

औचित्य पुष्टिः

रणनीतिः

उत्पादन र बिक्रि विवरणः

नाफा-नोक्सानः

आर्थिक व्यवस्थापनः

संलग्न व्यक्ति/मानव स्रोतको व्यवस्थापनः

## २. कृषि उपजको उत्पादन र बजार योजना

**उत्पादन योजना**

| क्र.सं. | बाली/पशु | क्षेत्रफल/संख्या | उत्पादन प्रति इकाई | कुल उत्पादन |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**बजार योजना**

| क्र.सं. | बाली/पशु/बस्तु | लक्षित बजार | उपभोक्ता | बिक्रि परिमाण | बजार मुल्य | बजार लागत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

## ३. वित्तीय योजना

**खर्च शिर्षक**

**अचल खर्चको आवश्यकता**

| क्र.सं. | विवरण | इकाई | परिमाण | दर | कुल परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| जम्मा | | | | | | |

**अचल सम्पत्तिको व्याज र ह्रासकट्टी**

| क्र.सं. | विवरण | दर | अवधि | अवधि | अवधि | अवधि |
|---|---|---|---|---|---|---|

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ह्रासकट्टी (%) प्रति वर्ष | | | | | |
| | व्याज (%) प्रति वर्ष | | | | | |
| जम्मा | | | | | | |

**चल खर्चको आवश्यकता**

| अवधि अनुसार थप्ने | क्र.सं. | विवरण | इकाई | परिमाण | दर | कुल परिमाण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | जम्मा | | | | | | |

**व्यवसायको सम्पत्ति सूचीः**

| विवरण | मुल्य | इकाई | परिमाण | कुल परिमाण | अबधि.. | कुल अवधिको अन्त्यमा |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## ४. विश्लेषण

**लाभ-लागत विश्लेषण**

| क्र.सं. | विवरण | कैफियत | अबधि.. | अबधि.. | कुल अवधिको अन्त्यमा |
|---|---|---|---|---|---|
| **खर्च/लागत विवरण** | | | | | |
| ह्रासकट्टी | | | | | |
| ऋण भुक्तानी | | | | | |
| चालु खर्चको ब्याज | | | | | |
| संचालन खर्च (बीउ/बस्तु, मल, कामदार, सिंचाई, दाना आदि) थप्दै जाने | | | | | |
| बिमा प्रिमियम | | | | | |
| अन्य खर्च.. | | | | | |
| **कुल लागत (क)** | | | | | |
| आम्दानी विवरण | | | | | |
| उत्पादन बिक्रि | | | | | |
| **कुल आम्दानी (ख)** | | | | | |

| खुद नाफा (ख-क) | | | | | |
|---|---|---|---|---|---|

**पार बिन्दु**

पार बिन्दु = अचल खर्च/ सिमान्त मुनाफा अनुपात

= अचल खर्च/ (१- चल खर्च/बिक्रि)

पार बिन्दु (बिक्रि संख्या) = पार बिन्दु/ औसत बिक्रि मुल्य

पार बिन्दु ( बिक्रि दर) = पार बिन्दु (बिक्रि संख्या)/उत्पादन परिमाण

**ऋण भुक्तानी विवरण**

| विवरण | जम्मा ऋण | खुद नाफा (ऋण भुक्तानी बिना) | | | ऋण भुक्तानी (कति अबधिमा) | |
|---|---|---|---|---|---|---|
| | | अवधि १ वर्ष | अवधि २ वर्ष | अवधि थप्दै जाने | भुक्तानी पछीको नाफा | भुक्तानी पछीको नाफा |

## ५. आधारभूत नगद प्रवाह

| अवधि | क्र.सं. | विवरण | महिना (१-१२) | | | जम्मा रु |
|---|---|---|---|---|---|---|
| | | | १ | २..... | १२ | |
| १ वर्ष | | | | | | |
| २ वर्ष | | | | | | |
| अवधि अनुसार थप | | | | | | |

- नगद बाहिरिएको र नगद भित्रिएको छुट्टाछुट्टै रेकर्ड राख्ने
- खुद नगद प्रवाहका लागि भित्रिएको र बाहिरिएको नगदको अन्तर हिसाब राख्ने
- खुद नगद प्रवाह धनात्मक हुँदा व्यवसाय नाफामुलक हुने

## ६. समस्या तथा जोखिम व्यवस्थापन

| क्र.सं. | अनुमानित जोखिम | न्युनीकरणका उपाय/रणनीति | अन्य विकल्प | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

## ७. परिशिष्ट/अनुसूची

तथ्यांक विवरण, तस्बिर, व्यावसायिक योजनाका पुर्वशर्त, अन्य समेटिनुपर्ने कैफियत